मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/०८१

च.नं.: ६२५

मिति: २०८०/०७/२०

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
मरिण गाउँपालिका, सिन्धुली ।

प्रस्तुत विषयको सम्बन्धमा मरिण गाउँ कार्यपालिकाको मिति २०८०/०६/२१ गतेको बैठकको निर्णय एवं मरिण गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०६/२२ गते प्रकाशित उमेर यकिन एवं प्रमाणित गरी विवाह गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना अनुसार मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७० (घ) बमोजिम विवाह गर्न महिला र पुरुषको उमेर २० (बीस) बर्ष पूरा भएको हुनु पर्नेछ भन्ने उल्लेख भएकोमा महिला र पुरुष दुवै २० (बीस) बर्ष उमेर पूरा नभई गरिएको विवाह बाल विवाह हुने भएकोले मिति २०८० मंसिर १ गते देखि लागू हुने गरी विवाह हुनु भन्दा अघि विवाह हुन लागेका महिला र पुरुषको कानूनतः विवाह योग्य उमेर नागरिकता वा राष्ट्रिय परिचय पत्र वा मतदाता परिचय पत्र वा जन्मदर्ता वा शैक्षिक प्रमाणपत्र मध्ये कुनै एकलाई आधारमानी अनिवार्य रुपमा विवाह योग्य उमेर यकिन एवं प्रमाणित गरि गराई अनुमति दिएर मात्र विवाह गर्न दिने व्यवस्था मिलाउनु हुन अनुरोध छ । साथै विवाह योग्य उमेर यकिन एवं प्रमाणित गर्ने प्रयोजनार्थ प्रदान गरिने सिफारिस निःशुल्क उपलब्ध गराउन समेत अनुरोध गरिन्छ ।

२०८०/०७/२०

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः यस प्रकृतिको सिफारिस प्रदान गर्दा झन्झटिलो प्रकृया नअपनाई सरलीकृत तबरले सिफारिस कर्ता विश्वस्त भई पेश भएको प्रमाणको (Hard Copy अथवा Soft Copy) आधारमा उमेर यकिन एवं प्रमाणित गरिदिने व्यवस्था मिलाउन हुन।*